9th NRN Global Conference & NRNA International General Assembly
म, मेरो एन आर एन ए र मेरो नेपाल

9TH NRN GLOBAL CONFERENCE
&
NRNA INTERNATIONAL GENERAL ASSEMBLY
15-17 OCT, 2019
KATHMANDU, NEPAL

बुधबार, २९ असोज २०७६ Wednesday, 16 October 2019 Newsletter

## यसभित्र...

गैरआवासीय नेपालीले छिट्टै नागरिकता पाउँछन् : नेम्वाङ



"विश्वकै ठूलो संगठित डायस्पोरा"



एनआरएनएबारे सहभागीको धारणा...

विश्व सम्मेलन उद्घाटन कार्यक्रमका झलकहरु

## आजका कार्यक्रम

एनआरएनए महासभाको निरन्तरता र निर्वाचन

# मातृभूमिमा लगानी भित्र्याउनुहोस् : राष्ट्रपति

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले गैरआवासीय नेपालीहरुलाई ढुक्क भएर नेपालमा लगानी भित्र्याउन आग्रह गर्नुभएको छ । गैरआवासीय नेपालीले आफ्नो मातृभूमिप्रति देखाएको मायाको प्रशंसा गर्दै राष्ट्रपति भण्डारीले नेपालमा लगानी भित्र्याउन आग्रह गर्नु भएको हो ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) को नवौं विश्व सम्मेलनको मंगलबार राजधानीमा उद्घाटन गर्दै उहाँले भन्नुभयो, 'यो संस्था विगत डेढ दशकदेखि सक्रिय रहेको छ, विश्वभर छरिएर रहेका नेपालीले नेपालको हितमा काम गरिरहेको देख्दा खुसी लागेको छ ।'

नेपालमा अहिले शान्ति, राजनीतिक स्थिरता रहेको अवस्थामा नेपाल सरकार आर्थिक वृद्धि गर्न दृढ रहेको बताउँदै उहाँले नेपालमा लगानी भित्र्याउनका लागि सबैको सामूहिक प्रयास जरुरी भएको बताउनुभयो । 'समृद्ध नेपाल, सुखी नेपाली' अभियानमा सहभागी भएर मुलुकको आर्थिक विकासमा सरिक हुन पनि राष्ट्रपति भण्डारीले गैरआवासीय नेपालीलाई आह्वान गर्नुभयो । सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई सफल पार्न सहयोग गर्न गैरआवासीय नेपालीहरुलाई राष्ट्रपति भण्डारीले आग्रह गर्नुभयो ।

सम्मेलनमा परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले नेपालमा लगानीका लागि केही समस्या भए आफ्नो मन्त्रालयमा आउन आग्रह गर्नुभयो । 'तपाईंहरूलाई नेपालमा लगानी ल्याउन केही समस्या छ भने मन्त्रालयमा आउनुस्,' मन्त्री ज्ञवालीले भन्नुभयो, 'परराष्ट्र मन्त्रालयमा एनआरएनए शाखा नै स्थापना गरिएको छ ।'





उहाँले विश्वभर रहेका सम्पूर्ण गैरआवासीय नेपालीलाई नेपालको वस्तु प्रवर्द्धन गर्न र ज्ञान, पुँजी तथा लगानी ल्याउन आग्रह गर्नुभयो ।

(बाँकी पृष्ठ २ मा)

# ढुक्कले लगानी गर्नुस्, प्रतिफल लिनुस् : *अर्थमन्त्री खतिवडा*

काठमाडौं । अर्थमन्त्री डा. युवराज खतिवडाले निर्धक्क भएर लगानी गर्न गैरआवासीय नेपालीलाई आह्वान गर्नुभएको छ । गैरआवासीय नेपाली संघको नवौं विश्व सम्मेलनमा नेपालको आर्थिक रुपान्तरणका लागि स्रोतको परिचालन विषयक सत्रमा मन्त्री खतिवडाले नेपालमा लगानीको प्रशस्त सम्भावना भएकोले यसबाट लाभ लिन गैरआवासीय नेपालीलाई आग्रह गर्नुभएको हो ।

"अहिले नेपालमा स्थिर सरकार बनिसकेको छ," अर्थमन्त्री खतिवडाले भन्नुभयो, "पूर्वाधार, खानी, कृषि, शिक्षा, स्वास्थ्य र जलविद्युत्मा प्रशस्त लगानीका सम्भावना छन् । ढुक्कले लगानी गर्नुस् र प्रतिफल लिनुस् ।"

अर्थमन्त्री खतिवडाले बन्द हड्तालका समस्याहरु समाधान भैसकेको, लोडसेडिङ समस्याको प्रभावकारी कार्यान्वयनमा सरकार जुटेको र लगानीको सुरक्षाका लागि औद्योगिक सुरक्षा बल राख्ने तयारी भइरहेको जानकारी दिनुभयो । सम्मेलनमा मन्त्री खतिवडाले राष्ट्रिय हितका विषयमा कुनै दलीय स्वार्थ नभएको जिकिर गर्दै प्रतिपक्षीको पनि खुलेर प्रशंसा गर्नुभयो । सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष मनाउने घोषणा गरेको भन्दै उहाँले पर्यटनको क्षेत्रमा मात्रै १० वर्षमा १० खर्ब रुपैयाँ लगानी आवश्यक रहेको जानकारी दिनुभयो ।




कार्यक्रममा पूर्व अर्थमन्त्री तथा नेपाली कांग्रेसका नेता डा. रामशरण महतले देश आर्थिक क्रान्तिको बाटोमा रहेको भन्दै लगानी बढाउन गैरआवासीय नेपालीहरुलाई आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "नेपाल जैविक तथा भौगोलिक विविधता भएको मुलुक हो । राजनीतिक स्थायित्व कायम भएको छ र बन्द-हड्तालका समस्या समाधान भएका छन् । सरकारले लगानीको आह्वान पनि गरेको छ । ढुक्क भएर आफ्नो देशमा लगानी गर्नुस् ।" दक्षिण एसियामा नेपालले उल्लेख्य प्रगति गरेको दाबी गर्दै उहाँले संस्थागत सुधार गरेर दिगो विकासको लक्ष्य भेटाउने बाटोमा लाग्न सरकार र निजी क्षेत्रलाई सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "सरकारको लक्ष्य भेटाउन निजी लगानी बढाउनुको विकल्प छैन । निजी लगानी बढाउने तपाईंहरुको पनि दायित्व हो । नेपालको विकासका लागि एनआरएनएले 'गेम चेन्जर'को भूमिका खेल्न सक्छ ।"

कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष सतिशकुमार मोरले शान्ति, स्थायित्व र विकासको नारा बोकेको सरकारको मुख्य प्राथमिकता आर्थिक क्रान्ति भएको भन्दै मुलुकको आर्थिक विकासमा सघाउन गैरआवासीय नेपालीहरुलाई आग्रह गर्नुभयो । "विदेशमा बस्दा देशमा लगानी विस्तार गर्दा जति समस्याहरु देखिन्छ, ती समस्यासँग डराउनु पर्दैन," लगानीकर्तालाई आश्वस्त पार्दै उहाँले भन्नुभयो, "देश बनाउन यतिबेला प्रशस्त पुँजीको आवश्यकता छ । लगानी विस्तार गर्नुस्, मिलेर देशको विकास गरौं ।"

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्र ढकालले तीनै तहका सरकारले लगानीलाई प्रोत्साहित गर्न खोजिरहेको बताउनुभयो । "संयुक्त लगानीबाट पनि कुनै परियोजनामा लगानी गर्न सकिन्छ भन्ने कुरा प्रमाणित भैसकेको छ," उहाँले भन्नुभयो, "सानो लगानीबाटै ठूला परियोजनाहरु बनाउन सकिन्छ, जसबाट देशले मुहार फेर्न सक्छ ।" सरकारले लगानी सम्मेलनबाटै लगानीको लागि आह्वान गरिसकेको र एकद्वार प्रणाली कार्यान्वयनमा ल्याएकोले नेपालमा लगानीको वातावरणमा सुधार आएको उहाँको भनाइ थियो ।

कार्यक्रममा गैरआवासीय नेपाली संघका पूर्व अध्यक्ष जिवा लामिछानेले गैरआवासीय नेपाली जोखिम मोलेर व्यापार व्यवसायमा अग्रसर भएको बताउनुभयो । "हामी पहिलो पुस्ताका डायस्पोरा हौं," उहाँले भन्नुभयो, "छोटो अवधिमै संसारभर छरिएर बसेको नेपाली डायस्पोरा अबको १० वर्षमा नेपालको विकासमा कायापलट हुनेगरी लगानी गर्नसक्ने हैसियतमा पुग्नेछ ।" उहाँले सामूहिक लगानी कोषको कार्यान्वयन र धेरै नेपालीको बसोबास भएका मुलुकसँग दोहोरो कर मुक्ति सम्झौता (डिटिए) को शुरुवात गर्न सरकारलाई सुझाव दिनुभयो ।

एनआरएनए अष्ट्रेलिया सदस्य डिला खरेलले प्रशस्त कानुनहरु भए पनि तिनको प्रभावकारी कार्यान्वयन नहुँदा समस्या भएको बताउनुभयो । 'नेपालको आर्थिक रुपान्तरणमा स्रोतहरुको परिचालन विषयक सत्रमा अनलराज भट्टराई, रामप्रसाद धिताल र इन्जिनियर प्रा.डा. राजेश सैंजुले छुट्टाछुट्टै तीनवटा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# गैरआवासीय नेपालीले छिट्टै नागरिकता पाउँछन् : नेम्वाङ




काठमाडौं । पूर्व सभामुख सुवाषचन्द्र नेम्वाङले गैरआवासीय नेपाली (एनआरएनए) लाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार सहित छिट्टै नागरिकता उपलब्ध गराइने बताउनु भएको छ । 'नवौं गैरआवासीय नेपाली विश्व सम्मेलनको एनआरएनएको कानुनी अधिकार र उत्तरदायित्व विषयक सत्रमा नेम्वाङले नेपाली नागरिक सरह सुनिश्चित हुनेगरी गैरआवासीयलाई नागरिकता उपलब्ध गराइने बताउनु भयो ।

'नेपाली नागरिक सुवाषचन्द्र नेम्वाङलाई जति अधिकार हुन्छ, त्यति नै गैरआवासीय नेपालीलाई अधिकार हुन्छ,' नेम्वाङले भन्नुभयो, 'त्यसमा कुनै शंका नगर्नुस्, राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएलगत्तै छिट्टै नागरिकता पाउनुहुन्छ ।

त्यो सानो उपलब्धी नठान्नु होला त्यो ठूलो उपलब्धी हो ।' आफूले धेरै ठूलो संघर्षबाट संविधानमै गैरआवासीय नेपाली सबैलाई नागरिकता दिने व्यवस्था गरेको बताउँदै नेम्वाङले राज्य व्यवस्था तथा सुशासन समितिबाट छलफल भई छिट्टै संसदबाट पारित गरिने विश्वास दिलाउनु भयो । 'गैरआवासीय नेपालीलाई नागरिकता उपलब्ध गराउँदा आफ्नो क्षमता, हैसियत र लगानी नेपाली र नेपालको लागि सदुपयोग गर्नुहोस्,' नेम्वाङले भन्नुभयो, 'गैरआवासीय नेपालीको पैसाले देशको विकास निर्माणसँगै समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु ।' एनआरएनएलाई विभाजित नगरी एकतावद्ध बनाई नेपालको विकास निर्माणमा साझेदारीको रुपमा सहभागी हुन नेम्वाङले आग्रह गर्नुभयो ।

### संवैधानिक व्यवस्था :

विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने छ भन्ने व्यवस्था छ ।

कार्यक्रममा प्रतिनिधिसभाका सांसद डा. सूर्य पाठकले गैरआवासीय नेपालीले नागरिकता पाएमा लगानी गरी उद्यम खोल्न र घर जग्गा खरिद बिक्री गर्न कुनै समस्या नहुने बताउनुभयो । 'एनआरएनएले लगानी गर्न चाहेमा ६ अर्ब भन्दा कमको लगानी गर्न एकीकृत रुपमा सेवा सुचारु गरिएको छ ।

अब कुनै उद्यम गर्न चाहेमा फाइल लिएर यताउता १० ठाउँ दौडनु पर्दैन,' पाठकले भन्नुभयो, 'सरकारले साँच्चिकै एनआरएनएलाई विकासको साझेदारी बनाउन खोजेको छ । हामी विकासको साझेदार बन्न सक्छौ सक्दैनौ अर्को प्रश्न हो ।'

यस्तै वरिष्ठ अधिवक्ता विश्वकान्त मैनालीले एनआरएनएलाई नागरिकता उपलब्ध गराउने विषय विश्वभरी एउटै प्रावधान नभएको बताउनुभयो । सबै देशले आ-आफ्नो देशको स्वार्थ अनुकूल हुनेगरी गैरआवासीय नागरिकलाई नागरिकता उपलब्ध गरिने बताउँदै मैनालीले गैरआवासीय नेपालीलाई नागरिकता दिने विषय सामान्य भएको बताउनुभयो ।

यस्तै अधिवक्ता दिनेश त्रिपाठीले संवैधानिक रुपमा व्यवस्था भएको विषयलाई कानुन बनाई कार्यान्वयन गर्न ढिला भएकोमा आपत्ति जनाउनुभयो । 'संविधानमै गैरआवासीय नेपाली नागरिकलाई नागरिकता दिने सुनिश्चित गरेको छ,' त्रिपाठीले भन्नुभयो, 'संवैधानिक रुपमा व्यवस्था गरिएको विषयलाई ४/४ वर्षसम्म होल्ड गर्न पाईन्छ ? त्यो कसले होल्डगरी राखेको छ ? '

## मातृभूमिमा लगानी...

सम्मेलनलाई सम्बोधन गर्दै एनआरएनएका अध्यक्ष भवन भट्टले आफ्नो दुईवर्षे कार्यकाल सफल भएको दावी गर्नुभयो । आफ्नो नेतृत्वमा रहेको एनआरएनएले एकीकृत लाप्राक बस्ती निर्माण सम्पन्नदेखि पहिलो विश्व बौद्धिक सम्मेलनबाट नेपाल पोलिसी इन्स्टिच्युट (एनपिआई) थिङ्क ट्यांक स्थापना गर्न सफल भएको भट्टको भनाइ थियो । गैरआवासीय नेपालीको आत्मा नै नेपाल रहेको र हरेकको श्वासमा नेपालको समृद्धिको कामना बसेको उहाँले बताउनुभयो ।

'बितेका दुई वर्ष सहकार्य, सहमति, सम्मान, त्याग र मर्मको संस्कारलाई अझ बढायौं,' उहाँले भन्नुभयो । सबै हात एकै साथ अन्तर्गत नै सुरुवातदेखि नै योजनाको प्रक्र्यालाई अत्यन्तै समावेशी बनाएको र यसले गर्दा नै ठोस योजना सफलताका साथ अगाडि बढ्न सफल भएको उहाँको भनाइ थियो ।

नेपाल सरकारले आयोजना गरेको लगानी सम्मेलनको आयोजक समितिको सदस्यका रुपमा सहभागी भई सामूहिक लगानीमार्फत् १० खर्ब रुपैयाँ लगानी गर्न नेपाल सरकारसँग सम्झौता गरी प्रक्र्याको सुरुवात समेत भइसकेको जानकारी पनि अध्यक्ष भट्टले दिनुभयो ।

महिला सशक्तिकरण अन्तर्गत महिलाद्वारा लगानी गरिने पहिलो परियोजनामा हस्ताक्षर हुन लागेको र काठमाडौंको माइतीघरमा नेपालको सबैभन्दा ठूलो राष्ट्रिय झण्डाको झण्डोत्तोलन समेत गरिएको उहाँले बताउनुभयो ।

ठूला आयोजनामा नेपाल लगानी बोर्डसँग सहकार्य गरी सहजकर्ताको भूमिका निर्वाह गर्ने र सम्बन्धित देशका लगानीकर्तासँग समन्वय गराउने र सहजीकरण एनआरएनएले गर्नुपर्ने उहाँको सुझाव छ । नेपालका कूटनीतिक नियोग रहेका कम्तिमा ३३ राष्ट्रसँग अविलम्ब दोहोरो कर सम्झौता (टिटिए), लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा), इकोनोमिक पार्टनरसिप एग्रिमेन्ट (इपिए) लगायतका सम्झौता गर्न आवश्यक रहेको र त्यसमा एनआरएनएले सहजकर्ताको भूमिका खेल्ने उहाँले बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाले १६ वर्षदेखि एनआरएनएसँग सहकार्य गर्न पाउँदा महासंघलाई खुसी लागेको बताउनुभयो ।

राजनीतिक प्रगतिमा फड्को मारेको अवस्थामा अब नेपालको आर्थिक विकास गर्न मुलुकभित्र र बाहिर रहेका सम्पूर्ण नेपाली, गैरआवासीय नेपालीको जिम्मेवारी रहेको राणाको भनाइ छ ।

एनआरएनएका पूर्वअध्यक्ष शेष घलेले नेपालको संविधानले गैरआवासीय नेपालीलाई नागरिकता प्रदान गर्ने सुनिश्चितता दिएको पनि केही वर्ष भइसकेको अवस्थामा छिटोभन्दा छिटो गैरआवासीय नागरिकता प्रदान गर्न आग्रह गर्नुभयो । 'उक्त नागरिकता प्रदानले कसैलाई घाटा गर्दैन,' घलेले भन्नुभयो, 'नेपाल र नेपालीलाई नै फाइदा पुग्नेछ ।'

गैरआवासीय नेपालीसँग जेजति स्रोत, साधन र क्षमता छ, सम्भव भएसम्म आफ्नो मातृभूमिको समृद्धिमा खर्च गर्न हिचकिचाउन नहुने उहाँको भनाइ छ । 'अहिलेसम्म नेपालमा भएको हाम्रो लगानी नाफामूलकभन्दा भावनात्मक भएको महसुस भएको छ,' उहाँले भन्नुभयो ।

गैरआवासीय नेपालीको लगानी, सीप र क्षमता वृद्धि गर्न नेपाल सरकारले गर्नुपर्ने नीतिगत सुधारका काम अझै पनि बाँकी रहेको भन्दै त्यो सुधार गर्न उहाँले आग्रह गर्नुभयो । प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन गैरआवासीय नेपालीको सहयोग लिन उहाँको सुझाव छ ।

पहिलो विश्व बौद्धिक सम्मेलनबाट नेपाल पोलिसी इस्टिच्युट (एनपिआई) थिङ्क ट्यांकको स्थापना गरिएको छ । नेपाल भ्रमण वर्ष २०२० सफल पार्न २०१९ लाई तयारी वर्षको रुपमा घोषणा गरी अतिथि देवो भवःको भ्रमण अभियान सुरुवात गरिएको छ । सौन्दर्य नेपालको परिकल्पना अनुसार जानकी मन्दिर सौन्दर्यीकरण परियोजनाको गुरुयोजना तयार भएको र स्वीकृतपछि सौन्दर्यीकरणको काम अगाडि बढाउने योजना छ ।

# खेलकुद प्रतिष्ठान स्थापनाको घोषणा, लोगो सार्वजनिक

काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएनए) ले आफ्नो खेलकुद प्रतिष्ठान स्थापनाको औपचारिक घोषणा गर्दै लोगो सार्वजनिक गरेको छ ।

एनआरएनएको बालुवाटारस्थित सचिवालयमा आयोजित पत्रकार सम्मेलनमा अन्तर्राष्ट्रिय समन्वय परिषद् (आईसीसी) अध्यक्ष भवन भट्ट र अन्तर्राष्ट्रिय समन्वय परिषद् युवा संयोजक सुदन थापाले संयुक्त रुपमा गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठान स्थापनाको लोगो सार्वजनिक गर्नुभएको हो । संघको छवटै क्षेत्रलाई प्रतिनिधित्व गर्नेगरी लोगो सार्वजनिक गरिएको हो । सबै क्षेत्रलाई प्रतिनिधित्व गर्न लोगोमा छ वटा रिंग राखिएको छ ।

## एनआरएनएको भूमिका



**लक्ष्मी गिरी**
बहराइन

नेपाल र नेपालीको हित र विकासको लागि एनआरएनएको भूमिका महत्वपूर्ण रहेको छ । मुलुकको समृद्धिको लागि पनि एनआरएनएले महत्वपूर्ण भूमिका खेल्नु पर्छ । विगतका नेतृत्वले यसतर्फ जोड दिँदै आउनुभएको थियो । र, आगामी नेतृत्वले पनि यसतर्फ ध्यान दिनुहुनेछ नै ।

वैदेशिक रोजगारीको क्रममा नेपालीले विभिन्न खालको समस्या झेल्दै आउनुभएको छ । भिन्नभिन्न देशमा भिन्नभिन्न समस्या छन् । ती समस्या पहिचान गरी तत्काल समाधानमा एनआरएनए लाग्नुपर्छ । नेपालीको हित र संवर्द्धनमा गर्दै आएको काम उत्कृष्ट छ । अझै यसलाई बढाउनुपर्ने देख्दछु । सबै नेपालको साझा हितमा काम गर्ने संस्थाको रुपमा विकास गर्दै लैजानु अहिलेको आवश्यकता हो । हरेक नेपालीले भोग्दै आएको समस्या नेपाल सरकारसँग समन्वय गरेर समाधान गर्नुपर्छ ।

हरेक सम्मेलनमा लगानीको कुरा उठ्दै आएको छ । लगानीको लागि उपयुक्त वातावरण सरकारले निर्माण गर्नुपर्छ । लगानी गर्ने मात्र भनेर हुँदैन, सुरक्षा सरकारले दिन सक्नु पर्छ । लगानी डुब्न नदिने वातावरण सरकारले निर्माण गर्नुपर्छ । नेपाली जनताले विकास चाहेका छन् । यसतर्फ एनआरएनएले ध्यान दिनुपर्छ ।



**यज्ञप्रसाद अधिकारी**
जर्मनी

विश्वभर फैलिएको एउटा ठूलो संस्था एनआरएनए हो । यो संस्था विश्वभर फैलिएको छ । विश्वकै ठूलो सञ्जाल भएको संस्थाको रुपमा समेत एनआरएनए रहेको छ । नेतृत्वले धेरै राम्राराम्रा एजेण्डा उठाउनु भएको हामी पाउँछौं तर काम भने हुन सकेको छैन । सबै नेतृत्वले धेरै काम गरें भनेर भन्नुभएको छ ।

धेरै बोल्ने र काम कम गर्ने प्रवृत्ति हाम्रो छ । तर थोरै बोल्ने र काम पूर्ण रुपमा गर्नुपर्छ । एउटा-एउटा क्षेत्रमा नेतृत्व लिएर काम गर्नु अहिलेको आवश्यकता हो । एउटा देशको एनसिसिले एउटा क्षेत्रमा मात्रै काम गर्ने र त्यस कामलाई नमुना कामको रुपमा लिन सकिन्छ । उदाहरणको लागि एउटा वडामा कुनै एउटा नमुना काम गरेर प्रतिस्पर्धा गर्न सकिन्छ । यसरी काम गरेको अवस्थामा सानो काम गरे पनि परिणाम देखिन्छ । जर्मनी एउटा यस्तो देश हो, जहाँ थोरै रकममा उच्चस्तरीय शिक्षा हासिल गर्न सकिन्छ । एनआरएनएमार्फत यी कुराहरु जानकारी गराउनु पर्छ । ज्ञान हासिल गर्ने र नेपाल फर्केर देश विकासमा योगदान गर्न सकिन्छ । सबै टिम मिलेर अघि बढ्नुपर्छ । एउटा काम मात्र किन नहोस् गरौं तर राम्रो काम गरेर देखाऊँ । यसले नेपाल र नेपालीलाई मार्गदर्शनको रुपमा हुनेछ ।



**दिलबहादुर गुरुङ**
दक्षिण कोरिया

विश्वभर फैलिएर रहेका नेपालीको साझा संस्थाको रुपमा रहेको एनआरएनए दुःखको साथी बन्न आवश्यक छ । परेको समस्यालाई सामाधान गर्न सधैं तत्पर रहनु पर्छ । नेतृत्व लिएर अघि बढिसकेपछि सबैको भावना समेटेर अघि बढ्नुपर्छ । चुनावको समयमा लिएका ऐक्यबद्धता कहिल्यै भुल्नु भएन । विगतमा गर्ने भनेका काम गर्न नसकेका उदाहरण धेरै छन् ।

नेपालीलाई परेको समस्या समाधान पहिलो प्राथमिकतामा राख्नुपर्छ । सम्बन्धित ठाउँमा नै पुगेर समस्याबारे बुझ्नु पर्छ । कतिपय ठाउँमा भाषाको समेत समस्या छ । कोरियाको कुरा गर्दा एनआरएनएको भूमिका नै देखिएको छैन । नेपालीको कोषको कुरा पनि आएको थियो तर त्यो हुन सकेको छैन ।

नेपालमा लगानीको आवाज पटक-पटक उठिरहेको विषय हो । तर, सरकारले वातावरण बनाउनु पर्छ । म पनि नेपालमै केही व्यवसाय, उद्योग खोल्न चाहन्छु । तर, लगानी सुनिश्चित हुने वातावरण देखिएको छैन । मुख्य कमजोरी सरकारको देख्छु ।

## स्वास्थ्य क्षेत्रमा सजगता अपनाउन आग्रह




काठमाडौं । विभिन्न मुलुकमा छरिएर रहेका नेपालीको स्वास्थ्य सचेतनामा गैरआवासीय नेपाली संघ (एनआरएनए) ले विशेष पहल गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । एनआरएनए ग्लोबल हेल्थ एन्ड हाइजेनिक कमिटीद्वारा आयोजित 'नेपालीको स्वास्थ्य : डायस्पोरा अवसर र चुनौतीहरू' विषयक छलफलमा गैरआवासीय नेपाली र चिकित्सकले विदेशमा रहेका नेपालीमा शारीरिक र मानसिक तनावका कारण विभिन्न स्वास्थ्य समस्या उत्पन्न हुने गरेको भन्दै सचेतना बढाउन जोड दिएका हुन् ।

नेपाल चिकित्सक संघका अध्यक्ष मुक्तिराम श्रेष्ठले स्वास्थ्य नै ठूलो सम्पत्ति भएको भन्दै त्यसका लागि स्वयं व्यक्तिले नै विशेष सजगता अपनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले स्वास्थ्यको परिभाषा विश्वव्यापी भए पनि मापदण्ड फरक भएकाले त्यसमा ध्यान दिन आग्रह गर्नुभयो ।

एनआरएनए एसिया-प्यासिफिक क्षेत्रीय संयोजक किरणविक्रम थापाले शारीरिक श्रम र मानसिक तनावका कारण विदेशमा रहेका नेपालीमा विभिन्न समस्या देखिन थालेको बताउनुभयो । 'अध्ययन र कामको अत्यधिक तनावका कारण विदेशमा रहेका नेपालीमा पछिल्लो समय मानसिक समस्या देखिन थालेको छ । परिणमस्वरूप आत्महत्याका घटना बढेर गएका छन्,' उहाँले भन्नुभयो, 'यसको निराकरणका लागि परिवारको हौसलासँगै एनआरएनएले सचेतनामूलक कार्यक्रम गरेर उनीहरूको आत्मबल बढाउन आवश्यक छ ।'

त्यस्तै, एनआरएनए युरोप क्षेत्रीय संयोजक शिवकुमार बरुवालले नेपालीको खानापानमा खासै ध्यान नदिने प्रवृत्तिका कारण विभिन्न रोगको सिकार हुने गरेको भन्दै देश र परिस्थितिअनुरूप खानपानमा विशेष सजगता अपनाउन आग्रह गर्नुभयो ।

एनआरएनए ग्लोबल हेल्थ एन्ड हाइजेनिक कमिटीका संयोजक डा. सञ्जीव सापकोटाले नेपालसँगै अन्य मुलुकमा रहेका नेपालीको स्वास्थ्यका लागि आगामी दिनमा विभिन्न संघ-संस्थाहरूसँग सहकार्य गरेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो । ४ वर्षअघि कमिटी गठन भएसँगै विभिन्न मुलुकमा स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिसकेको जानकारी उहाँले दिनुभयो ।

सोही अवसरमा कमिटी र नेपाल चिकित्सक संघबीच र्‍यापिड हेल्थ रेस्पोन्स टिम गठन गर्ने समझदारी भएको छ । उक्त टिमले नेपालामा कुनै पनि दैवीप्रकोप हुँदा २४ घन्टाभित्र स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

# 'विश्वकै ठूलो संगठित डायस्पोरा'

काठमाडौं । गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्टले एनआरएनए विश्वकै ठूलो संगठित डायस्पोरा भएको बताउनु भएको छ । मंगलबार भएको संघको अन्तर्राष्ट्रिय महाधिवेशनमा उहाँले एनआरएनएलाई विश्वकै ठूलो व्यवस्थित संस्था बनाएको दावी गर्नु भएको हो । अहिले एनआरएनए ८१ मुलुकमा फैलिएको छ । संघमा आवद्ध सदस्यहरु ७५ हजार पुगिसकेका छन् ।




'नेपालीलाई अव्यस्थित भनेर दोष लगाइन्छ, तर हामीले विश्वकै ठूलो व्यवस्थित संस्था बनाएका छौं,' उहाँले भन्नुभयो, 'यो नेपाली डायस्पोराका लागि बनेको स्वतन्त्र संगठन हो ।' एनआरएनए धनीहरुको संस्था नभएर नेपालीलाई धनी बनाउने संस्था भएको भट्टको दाबी छ ।

संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोको मेडिसिटी हस्पिटल लगायत एनआरएनएहरुको लगानी रहेका कतिपय प्रोजेक्ट देख्दा गर्वले छाती फुल्ने बताउनुभयो । सरकारले पहिलो पटक विदेशमा हुने राजकीय भ्रमणमा एनआरएनएलाई सहभागी बनाउन थालेको भट्टले बताउनुभयो । उहाँले भन्नुभयो, 'म आफैं भारत र चीन जाने मौका पाएँ । यो पनि महत्वपूर्ण उपलब्धी हो ।'

संघका महासचिव बद्री केसीले आफ्नो कार्यकालमा ३ नयाँ एनसीसी गठन भएको बताउनुभयो । उहाँका अनुसार दुई वर्षमा रजिष्टर सदस्य पनि ६ प्रतिशतले बढेका छन् । 'अहिलेसम्म ६३ देशमा चुनाव सम्पन्न भएको छ, ती देशबाट ३ हजार ८७ डेलिगेट नोमिनेसन गरिएको थियो, जसमध्ये २६ सय ५६ सदस्य रजिष्टर हुनुभयो, यो ८० प्रतिशतभन्दा बढी हो,' उहाँले भन्नुभयो ।

महासचिव केसीले ग्लोबल आइडी कार्ड स्किम सञ्चालनमा ल्याएको पनि जानकारी गराउनुभयो । यो स्किममा १३० भन्दा बढी स्वदेशी तथा विदेशी कम्पनी आवद्ध छन् । ती कम्पनीले कार्डहोल्डरलाई छुट दिन्छन् । 'आगामी कार्यकालमा ५ सय कम्पनी पुर्‍याउने छौं,' उहाँले भन्नुभयो, 'एनआरएनएलाई सुविधा दिन यो स्किम ल्याएका हौं, एनआरएनको पूरै परिवारलाई सुविधा दिन फेमिली कार्ड स्किम पनि ल्याएका छौं ।' संघको महिला फोरम र युवा फोरमले पनि दुई वर्षमा उल्लेखनीय काम गरेको उहाँको दाबी छ ।

महाधिवेशनमा सहभागीहरुले डेलिगेट दर्ता गर्दाको भद्रगोल अवस्था, संघमा घुसेको राजनीति, खिचातानी, लाप्राक बस्ती निर्माणमा भएको ढिलाई, निर्वाचन खर्च, भोटिङ सिस्टम, एनआरएनए भवनको जग्गा विवाद, आफूले विदेशमा रहँदा भोगेका समस्याहरु उठाएका थिए ।

सहभागीहरुले राखेको जिज्ञासामा संघकी उपाध्यक्ष सपिला राजभण्डारीले लाप्राक मोर्डन भिलेज एनआरएनएको मेगा प्रोजेक्ट भएको बताउँदै विविध समस्याले निर्माणमा ढिलाई हुन पुगेको प्रष्ट पार्नुभयो । उहाँले ग्लोबल आइडी कार्ड र फेमिली कार्ड स्किम एनआरएनएहरुले फाइदा लिन सकुन् भनेर ल्याएको बताउनुभयो ।

एनआरएनए भवनको जग्गा विवाद सम्बन्धमा उठेको प्रश्नको जवाफ दिँदै निवर्तमान अध्यक्ष शेष घलेले प्रकृया पुर्‍याएरै जग्गा किनेको बताउनुभयो । 'हामीले तीन/चार पटक कारोबार भइसकेको जग्गा किनेका थियौं, इतिहास थाहा थिएन, पछिमात्र विवाद निस्कियो,' उहाँले भन्नुभयो । महासचिव केसीले पनि जग्गा किनेपछि मात्र विवाद थाहा पाएको बताउनुभयो । अध्यक्ष भट्टले जग्गाकै कारण सरकारले संघलाई अप्ठ्यारोमा नपार्ने विश्वास व्यक्त गर्नुभयो ।

संघका पूर्वअध्यक्ष देवमान हिराचनले एनआरएनएमा घुसेको राजनीतिले आफूलाई दुःखी बनाएको बताउनुभयो । 'एनआरएनए सम्मेलनमा आएको हो कि दलको चुनावी कार्यक्रममा बडा कन्फ्यूजन भइयो,' सहभागीले उठाएको प्रश्नको जवाफ दिँदै उहाँले भन्नुभयो, 'अब चुप लागेर बस्न हुँदैन, भोली राजनीति हाबी हुँदै गयो भने संस्था नरहन पनि सक्छ ।' पाँचतारे होटलमा विदेशी पाहुनालाई अप्ठ्यारो पर्ने गरी नारा जुलुस भइरहेको उहाँको गुनासो छ ।

मंगलवारबाटै भट्ट नेतृत्वको कार्य समितिको कार्यकाल सकिएको छ । बुधवार नयाँ नेतृत्व चयनका लागि चुनाव हुनेछ । चुनाव भएर नयाँ नेतृत्व नआएसम्मका लागि निवर्तमान अध्यक्ष शेष घलेको अध्यक्षतामा पूर्व अध्यक्षद्वय जिवा लामिछाने र देवमान हिराचन सदस्य रहेको तीन सदस्यीय अध्यक्ष मण्डल गठन भएको छ ।

## लाई कसरी हेर्नुभएको छ ?



**लिलादेवी गुरुङ**
बेलायत

विशेषगरी एनआरएनएले काम गरेर देखाउनुपर्ने अवस्था छ । कडा परिश्रम गरेर केही काम गर्ने अवसर र चुनौती नयाँ नेतृत्वलाई रहेको छ । बोलीले मात्र नभएर काम गर्नु अहिलेको आवश्यकता हो । सकारात्मक सोच राखेर काम गर्ने हो भने सफल अवश्य भइन्छ । सम्पूर्ण टिम एक भएर अघि बढ्नु पर्दछ । संसारभर छरिएर रहेका गैरआवासीय नेपाली नेपाल र नेपालीको हितमा काम गर्न तयार छन् ।

एनआरएनएमार्फत् नेपालमा लगानी भित्र्याउने कुरा पटक पटक उठ्दै आएको विषय हो । नयाँ नयाँ योजनाहरु बनिरहेका छन् । लगानी गर्न सही ठाउँमा लगानी गर्नुपर्दछ । यो सबैको माग हो । कुन क्षेत्रमा लगानी गर्ने हो सही तरिकाले छनोट गर्नुपर्छ । नेपालको आवश्यकता के हो ? कुन क्षेत्रमा लगानी गर्ने ? यी सबै कुराको निर्क्योल पहिला हुनु पर्छ ।

मुलुकमा अहिले लगानीको वातावरण बन्न थालेको अनुभूति हामीले गरेका छौं । एनआरएनले यसको फाइदा उठाउन सक्नुपर्छ ।



**तोयानाथ गोतामे**
कतार

विशेषगरी कतारमा एनआरएनएले कामदारको विषयमा काम गर्दै आएको छ । कामदारलाई भैपरी आउने समस्या, विभिन्न बाधा, अवरोधमा काम गरिरहेको छ । तर सबैको हितमा अझै बढी रुपमा काम गर्नुपर्ने अवस्था छ । त्यहाँका कामदारको समस्या धेरै हुन्छन् । विभिन्न समयमा विविध खालका समस्या आइरहन्छ । एनआरएनएले देखा पर्ने समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्न पहल गर्नु आवश्यक छ । धेरै कामदारले धेरै खालका समस्या व्यहोर्दै आएका छन् । नेपाल सरकारसँग समन्वय गरेर हुन्छ वा अन्य निकायसँग समन्वय गरेर सबैको हितमा काम गर्नु अहिलेको आवश्यकता हो । नेपालीको साझा हित नै संस्थाको उद्देश्य रहेको हुँदा यसतर्फ नयाँ नेतृत्वले काम गर्नुपर्छ । समृद्ध नेपाल निर्माणको लागि एनआरएनएले भूमिका खेल्नुपर्छ । नेपाल सरकारको अभियानमा हातेमालो गरेर अघि बढ्नु पर्छ ।

भिजिट नेपाल २०२० मा पनि एनआरएनएले महत्वपूर्ण भूमिका खेल्नुपर्छ । नेपालमा विकासको टेवाको रुपमा एनआरएनएले महत्वपूर्ण भूमिका खेल्दै आएको छ र अझै खेल्नुपर्ने देखिन्छ । एनआरएनएले सम्बन्धित देशहरुसँग पनि समन्वय गरेर लगानी भित्र्याउन जोड दिनुपर्दछ ।



**साङ्छु शेर्पा**
पोर्चुगल

एनआरएनए गैरराजनीतिक संस्था हो । यहाँ कुनै किसिमको पनि राजनीतिक आवरण देखिनु हुँदैन । यो विशुद्ध विदेशमा रहेका नेपालीको हितमा काम गर्ने संस्था हो । विदेशमा नेपालीले धेरै दुःख पाएका छन् । काम नपाउने, विभिन्न खालका समस्या समय-समयमा देखा परिरहन्छ । विशेषगरी खाडी मुलुकमा समस्या देखा पर्छ । जे जस्तो समस्या देखा पर्दछ, तत्काल समाधान गर्नुपर्छ । पोर्चुगलमा पनि विभिन्न खालका समस्या आइरहन्छन् । एनआरएनएले लक्षित वर्गको हितमा काम गर्नुपर्छ । तर, हालसम्म त्यस्ता क्षेत्रमा काम गरेको मैले देखेको छैन । एनआरएनएले भन्दा पनि अन्य संघसंस्थाले परोपकारी र प्रभावकारी रुपमा काम गरेको अनुभव मैले गरेको छु ।

नेपालमा लगानी गर्नुपर्ने कुराहरु सम्मेलनमा उठिरहेको छ । तर, के गर्ने ? कसरी गर्ने ? योजना खै त ? पारदर्शी रुपमा हुन्छ या हुँदैन ? ग्यारेन्टी के ? यी सबैको प्रश्नको जवाफ आउन जरुरी देख्दछु । मुख्य कुरा पारदर्शी रुपमा काम हुनु आवश्यक छ । सबैजना एकजुट र एकमत भएर अघि बढ्ने हो भने जस्तोजुकै काम पनि गर्न सकिन्छ ।

# Investment from Non-Resident Nepali is the key for the country's development

President Bidhya Devi Bhandari has urged the Non-resident Nepalis to invest in the homeland country. Speaking at an inauguration of 9th Global Convention of the Non-Resident Nepali Association (NRNA) that kicked off in Kathmandu on Tuesday, President Bhandari expressed her gratitude to the association for its effort to integrate the widespread Nepalese community across the globe. "I am glad that the association has been working in interest of the Nepali for the past one and a half decades," said Bhandari.

Nepal has now the stable government providing conducive environment for the investors. Bhandari said the government is now committed to achieve faster pace of economic growth for which the mutual efforts from all the sectors are necessary. "I urged everyone concerned to join hand with the government in its campaign of attaining the target of Prosperous Nepal, Happy Nepali." President also urged the participants of the convention to make success the Visit Nepal Year 2020.

Speaking at the programme, Minister for Foreign Affairs Pradeep Gyawali called on the investors directly to his office if they face any sort of problems while stepping forward for investment. "The government has set up a separate NRNA division at the ministry to address related problem," said Gyawali requesting the Nepali alliance abroad to inject capital and technology to boost the local products.

Finance Minister Yubaraj Khatiwada has urged the Non-resident Nepalis to invest in the country without any hesitation. Speaking at the inauguration, Minister Khatiwada said the Non-resident Nepali should step up to receive immense benefits out of the existing opportunity of investment in the country.

Adding that the government has put forth the Visit Nepal Year 2020 to enhance tourism business, Khatiwada stressed on the need of an investment of Rs1 trillion in the sectors in the next 10 year. Former Finance Minister and a Leader of Nepali Congress Ram Sharan Mahat said there is a need for investment from Nepali abroad at the time the country is vying for the economic revolution. "Both the government and private sectors should look forward to meet the targets of Sustainable Development Goals," said Mahat, adding that NRNA can play the role of a game changer for the country's economic development.

NRNA President Bhawan Bhatta said he had been able to gear up the investment during his two-year tenure. "Construction of integrated settlement for quake-hit people in Laprak and set up of Nepal Policy Institute, a think-tank agency, are among the landmark achievements done through NRNA participation in the past two years," said Bhatta.

Bhatta recommended the association members to work in alliance with the Nepal Investment Board to play key role for coordinating and facilitating the foreign investors to inject funds in country's mega projects. He also sought the Non-resident Nepali to act as a mediator to sign double taxation agreement (TTA), Bilateral Investment Promotion and Protection Agreement (BIPPA) and Economic Partnership Agreement (EPA) with at least 33 countries.

Bhawani Rana, president of Federation of Nepalese Chambers of Commerce and Industry, said the federation has been working together with the Non-resident Nepali for the last 16 years. "At the time Nepal has attained the political stability, the Nepali alliance can play significant role in the economic development of the country," said Rana.

NRNA's Former President Shesh Ghale urged the government to turn into reality the commitment of issuing citizenship to the Non-resident Nepali. "The move is certain to benefit largely in the country's development," said Ghale adding that the association considers the investment in Nepal as a part of its responsibility than earning high amount of profit.

Satish Kumar More, president of the Confederation of Nepalese Industries, said the investors will not face much hassles now if they invest in the country. "Nepal is in need of adequate capital to achieve the development targets," said More.

FNCCI Vice-president Chandra Dhakal said all three tiers governments have now adopted policies to promote investment. "The government implemented one door policy, among others, has now helped improve the investment environment in the country. NRNA Former President Jiba Lamichhane stressed on the need for implementing the mutual investment fund and initiating for DTA with the countries where large number of Nepalis are residing.

## विश्व सम्मेलन उद्घाटन कार्यक्रमका झलकहरु












सम्पादन/प्रकाशन : नेपाल आर्थिक पत्रकार समाज (सेजन)द्वारा सम्पादित गैरआवासीय नेपाली विश्व सम्मेलनका अवसरमा प्रकाशित बुलेटिन